१७ औं प्रतिदिन वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**फोहोर व्यवस्थापन गरौं र गराऔं ।**

- जयाभावी फोहोर नफालौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्याएर अलग-अलग राखौं,
- घरायसी फोहोर कम गरौं,
- पुनः प्रयोग गर्न सकिने फोहोरको व्यवस्थापन गरौं,
- जैविक फोहोरबाट प्राङ्गारीक मल उत्पादन गरौं ।
- तोकिएको समय र स्थानमा मात्र फोहोर फालौं,
- प्लास्टिक, कागज, काँचजस्ता पुनःप्रयोग हुने वस्तुहरूको छुट्टै संकलन गरौ.
- फोहोर नजलाऔं, फोहोरको समुचित व्यवस्थापन गरौं र वातावरण जोगाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १२० ॥ २०८२ जेठ २६ गते सोमबार (9th June 2025 Monday) **Pratidin** National Daily मूल्य-रु.५/-

# ओलीको गृहजिल्लामा पूर्वराष्ट्रपति भण्डारीको लोकप्रियता

झापा(प्रस)। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी दुई दिनसम्म झापामा रहँदा खाली रहन पाइनन् । विभिन्न कार्यक्रम र शुभेच्छुक पार्टी कार्यकर्ताहरुको भेटघाटका कारण उनी अति व्यस्त बनिन् । शुक्रवार बेलुका बिराटनगरबाट आएदेखि नै उनलाई भेट्न कार्यकर्ता आइनै रहे । शनिवार बिर्तामोडमा आयोजित कोशी प्रदेश स्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन गरिन् । त्यस्तै आइतवार नारी संचार गृहको कार्यक्रममा सहभागी बनिन् । आइतवार नै उनी शिवसताक्षीको पाँचगाछीमा रहेको झापा इनर्जी अवलोकन गर्न पुगिन् । कार्यक्रममा भेटघाट त भइनै रह्यो , उनलाई राखिएको होटल सिद्धार्थमा समेत विभिन्न समूहहरु भेट गर्न पुगेका थिए । पूर्वराष्ट्रपति भण्डारीको दुई रातको होटल बसाइँमा शुभेच्छुक पार्टी कार्यकर्ताहरु भेट्न पुगिरहे । विराटनगरबाट पूर्वराष्ट्रपति भण्डारीसंगै पूर्व मुख्यमन्त्री तथा पार्टीका



प्रदेश इन्चार्ज शेरधन राई , पार्टी उपाध्यक्ष टीकाराम चेम्जोङ्ग आएका थिए । दुई दिनसम्म उनीहरु साथमै थिए । उनीहरु बाहेक झापाका हरिचरण शिवाकोटी , प्रेम गिरी , शिव ढुंगेल , पवित्रा महतारा प्रसाई , सुवास भट्टराई , सभामुख पत्नी टीका घिमिरे लगायत पनि संगसंगै हिडेका थिए । प्रधानमन्त्री केपी शर्मा ओलीको जिल्ला झापामा

पूर्वराष्ट्रपति भण्डारीको लोकप्रियता निकै देखियो । भण्डारी पूर्वराष्ट्रपतिकै हैसियतमा बाँकी जीवन बिताउने पक्षमा छैनन् भन्ने कुरा उनको अभिव्यक्तिले प्रष्ट सङ्केत गरिसकेको छ । शुभेच्छुक पार्टी कार्यकर्ताहरु पनि उनलाई राजनीति गरेको हेर्न चाहिरहेका छन् । त्यही भएर उनको पछि भीड बढ्दो छ ।

शुक्रबार विराटनगरमा पत्रकारको प्रश्नको उत्तर दिँदै उनले राजनीतिक सक्रियता कायमै रहेको बताएकी थिइन् । एमाले अध्यक्ष ओलीले पूर्वराष्ट्रपति भण्डारीलाई राजनीतिक गतिविधि नगर्न सार्वजनिक मञ्चबाटै भनिरहेका छन् । उनले 'राष्ट्रिय सम्मान लिएर बस्नू' भन्ने उर्दी पनि दिइसकेका छन् ।

आइतबार मात्रै अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनको २४ औं राष्ट्रिय महाधिवेशनको कीर्तिपुरमा उद्घाटन गर्दै ओलीले महाधिवेशनको टुंगो नै नभएको अवस्थामा एमालेमा फलाना आउने रे भनेर हल्ला चलाउनुको अर्थ नरहेको बताए । यो भनाइ भण्डारीको सक्रियताप्रति लक्षित थियो । भण्डारीको सक्रियताले एमालेमा अहिले माथिदेखि तलैसम्म दुई गुट बनिरहेको बताइन्छ । झापामा एउटा समूहले उनलाई साथ दिइरहेको पाइयो ।

# १३ लाख टन मल चाहिनेमा साढे ४ लाख टन



झापा । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले यो वर्ष रासायनिक मलको सहज व्यवस्थापन हुन नसक्ने स्विकारेका छन्। किसानलाई १३ लाख टन मल आवश्यक रहेकोमा नेपालमा साढे ४ लाख टन मात्रै रासायनिक मल प्राप्त हुने स्पष्ट पारेका छन्।

आइतवार सिंहदरबारमा बसेको राष्ट्रिय सभाअन्तर्गतको विकास, आर्थिक मामिला तथा सुशासन समिति बैठकमा बोल्दै उनले स्विकारेका हुन्।

उनले अहिले उपलब्ध रासायनिक मलले सम्भावना सहज व्यवस्थापन हुन नसक्ने बताए। मन्त्री अधिकारीले रासायनिक मलका लागि आर्थिक रूपमा जति व्यवस्थापन गर्न सक्नुपर्ने थियो, त्यो गर्न नसकेको स्विकारे। उनले रासायनिक मलको सहज व्यवस्थापन हुन नसक्दा बजारमा भइरहेको आलोचना स्वाभाविक भएको उनको कथन छ।

उनले प्राप्त भएको रासायनिक मललाई निष्पक्ष साथ व्यवस्थापन गर्नको प्रदेशलाई जिम्मेवारी सुम्पिएको र प्रत्येक स्थानीय तहमा आवश्यकताका आधारमा व्यवस्थापन भइरहेको दाबी गरे।

मन्त्री अधिकारीले भने 'रासायनिक मलको सहज व्यवस्थापन हुन सक्ने अवस्था छैन। १३ लाख टन आवश्यक छ। हामीसँग अति हुँदा साढे ४ लाख टन मात्रै प्राप्त हुन्छ। त्यस कारण हामीले त्यो व्यवस्थापन गर्न सकेका छैनौँ। बजारमा जुन ढङ्गको आलोचना भएको छ, त्यसलाई हामी स्वाभाविक रूपमा स्वीकार गर्दै प्राप्त मल व्यवस्थापन गर्न प्रदेशलाई जिम्मेवारी सुम्पिएका छौँ।'

उनले बजेट अभावकै कारणले रासायनिक मलको समस्या सम्बोधन गर्न नसकिएको स्वीकार गरे।

# कसैलाई नभेटी पूर्वराजा शाह राजधानी फर्किए



झापा(प्रस) । झापाको दमकमा १५ दिने बसाइँपछि पूर्वराजा ज्ञानेन्द्र शाह आइतवार राजधानी फर्किएका छन् । दिउँसो १:१५ बजे चन्द्रगढी विमानस्थलबाट युध ९५६ बुद्ध एयरको नियमित उडानमा पूर्वराजा ज्ञानेन्द्र शाह राजधानी फर्किएका हुन् ।

उनीसंगै छोरी प्रेरणा शाह, भतिजी सिताष्मा शाहसहित ५ सदस्यीय टोली काठमाडौं फर्किएको प्रहरी स्रोतले जनाएको छ । दमक ९ स्थित हिमालयन महालक्ष्मी टि इस्टेटको मिनी दरबारमा १५ दिनसम्मको बसाइँमा शाहले राप्रपाका केन्द्रीय उपाध्यक्ष उद्धब पौडेलबाहेक कसैलाई पनि भेटेनन् । उनलाई भेट्न दिनहुँ समर्थकहरु आइरहेपनि उनले भेट दिएनन् । कतिपय संघ संस्थाले भेट्न नपाएपछि चिया बगानको गेटमा बिन्ती पत्र छोडेर गएका थिए । शाह जेठ ११ गते झापा आएका थिए ।

# अतिक्रमित सतानु पैनीको अस्तित्व खोजिदैं

झापा(प्रस)। बिर्तामोडमा शहरीकरणसंगै अतिक्रमणमा परेको सतानु पैनीको अस्तित्व खोजी हुन थालेको छ ।

व्यक्तिगत संरचना नबनाइएका ठाउँमा सरसफाई गरी सतानु पैनीको अस्तित्व खोजी गर्न थालिएको बिर्तामोड ४ का वडा सदस्य उमेश राउतले बताए । उनले प्रधानमन्त्री स्वरोजगार कार्यक्रमअन्तर्गतका कामदारहरुलाई सतानु पैनी सरसफाई गर्न लगाइएको जानकारी दिए ।

वर्षौ अघिदेखिको सतानु पैनीलाई मासिएको हो । हालको बिर्तामोड नगरपालिका वडा नं ५ , ४ र ३ भएर बग्ने सो पैनी वडा नं ९ सम्म पुगेर टुंगिएको थियो । बिर्तामोडको मुक्ति चौक उत्तरदेखि बिर्तामोड ९ को नरियाबारीसम्म पैनीको साविक वहाव रहेको थियो । तर, अहिले त्यस सतानु पैनीको नामोनिशान छैन । पुरानो लाली गुराँस होटलदेखि उत्तरबाट शुरु भएको पैनी ट्राफिक



प्रहरी कार्यालय , प्रसाई सुपर मार्केट, हिकोला होटल हुँदै पूर्व–पश्चिम राजमार्ग क्रस गरी दक्षिणतर्फ बग्ने गरेको थियो । राजमार्ग दक्षिणमा संगम स्वीट्स, कुमारी बैंकको पूर्वपट्टि पुरानो भद्रपुर रोडको छेउबाट बग्दै दक्षिण झर्ने गरेको थियो । पुरानो भद्रपुर रोड पूर्वपट्टिबाट बग्दै भुपेन्द्रसिंह राजवंशीको जग्गाको सिमानासम्म

कायम रहेको पैनी बिर्तबजारदेखि पूर्व आनन्दगञ्ज जाने बाटोदेखि दक्षिण विराटज्योति बोर्डिङको बाटो हुँदै शुभलक्ष्मी टोलतर्फ बग्ने गरेको थियो ।त्यस टोलभन्दा अझ दक्षिण बिर्तामोड ३ को मुसहरबस्ती पूर्व हुँदै नरियाबारीसम्म पैनी रहेको थियो । २०२१ सालको नक्सालाई हेर्दा साविक अनारमनीको २,३ र ७ नं वडामा सो पैनी कायम रहेको देखिन्छ । सर्पट नापीको नयाँ नक्सामा पनि पैनी कायम छ । हालको नयाँ नक्सालाई हेर्दा सिट नं १७९–१६० मा पैनीलाई कायम राखिएको हो । तर , शिरदेखि पुछारसम्मको पुरै पैनी नक्सामा कायम छैन । कतिपय ब्यक्तिले यसलाई आफ्नो नाममा नम्बरी बनाइसकेका छन् । पैनीको थोरै भूभाग मात्र अस्तित्वमा छ । अधिकांश भाग अतिक्रमण भइसकेको छ । पैनीको सार्वजनिक जग्गा मासेर त्यसमा ठूलठूला घरहरु निर्माण गरिएका छन् । त्यस्तै कतिपय ठाउँमा पैनी मिचेर प्लटिङका लागि बाटो निर्माण गरिएको छ । विराटज्योति बोर्डिङ जाने बाटो पैनी मिचेरै बनाइएको हो भने शुभलक्ष्मी टोलको प्लटिङको बाटो पैनीकै जग्गामा निर्माण गरिएको छ । करिव साढे तीन किलोमिटर लम्बाई र ३० देखि ४० फुट चौडाई रहेको सतानु पैनी सबै मासिसकेको छ ।

सर्पट नापीले धेरै ठाउँमा पैनीलाई नम्बरी बनाइदिएको हो । नापी टोली आउनुअघि नक्सामा कायम रहेको पैनीलाई सर्पटले हालसाविक गरी नम्बरी बनाइदिएको बिर्तामोड नगरपालिका वडा नं ५ का पूर्व वडाध्यक्ष राजेन्दप्रसाद्र लिङ्देन बताउँछन् । कतिपयले पैनीमाथि बनाएको आफ्नो घरको नक्सा पास गरिसकेको उनले बताए । हालको बिर्तामोड ५ मा पैनीको जग्गा अतिक्रमण गरी सबैभन्दा बढी निजी संरचना निर्माण गरिएका छन् । वडा नं ४ र ३ मा पनि घर र बाटो बनाएर पैनी मासिएको छ । बिर्तामोड ४ मा पनि केही संरचना निर्माण गरिएको वडा सदस्य राउतले बताए । उनले ती संरचना हटाउने पहल भइरहेको जानकारी दिए । पानीको निकासको समस्या भएर डुबान भएपछि बिर्तामोडबासीहरुले सतानु पैनी खोल्न माग गर्दै आएका छन् ।

# झापाका किसानहरु उत्रिए सडकमा

झापा(प्रस) । पटक पटक चक्काजाम गर्दै आएका झापा गौरादहका किसानहरुले चरणवद्ध आन्दोलन घोषणा गरेका छन् । विभिन्न ७ सुत्रीय माग राखी उनीहरुले घरअगाडी राँको बाल्ने ,व्लाकआउट गर्ने र राँके जुलुस गर्नेलगायतका विरोध कार्यक्रम घोषणा गरेका हुन् । किसान संघर्ष समिति झापाले आइतवार गौरादह ८ जुरोपानीस्थित अरुणोदय प्रा.वि.को सभाहलमा पत्रकार सम्मेलन गरी विरोध कार्यक्रम घोषणा गरेको हो । घोषित बिरोध कार्यक्रमअन्तर्गत जेठ २६ गते ८ बजे राति घर-घरमा घरअगाडी १० मिनेट राँको बाल्ने , जेठ २७ गते राति ८ देखि ८:३० बजेसम्म आधा घण्टा व्लाकआउट गर्ने र जेठ २९ गते गौरादह १ स्थित डिपुचोक बजारमा राँके जुलुस गर्ने रहेको छ ।

डिपुचोकदेखि गौरादह बजारसम्म विभिन्न प्लेकार्डसहित गरिने मौन राँके जुलुसमा कमल गाउँपालिका , गौरादह नगरपालिका र गौरीगञ्ज गाउँपालिकाका ५ सयभन्दा बढी कृषकहरु सहभागी गराइने पत्रकार सम्मेलनबाट जानकारी दिइयो ।



उत्पादन अनुदान कार्यक्रमको क्षेत्र बिस्तार र बजेट व्यवस्थापनको सुनिश्चितता हुनु पर्ने , सरकारले तोकेको मूल्य पाउनु पर्ने , मल, बीउ, औषधि पाउनु पर्ने ,. ट्र्याक्टर जोताइ , खेतीबारीमा प्रयोग गरिने कृषि यन्त्र उपकरणको न्यूनतम दररेट कायम गर्नुपर्ने , कृषि सिँचाई महसुल पुरै छुट हुनुपर्ने , बाली बिमाको कार्यक्रम स्थानीय सरकारले अनिवार्य लागु गर्ने , तौलमा ठगी गर्ने कृत्रिम कालो बजारी , ठगी गर्ने दलाल र उद्योगीहरु पहिचान गरी कानुनी कारबाही गर्नुपर्ने लगायतका ७ सुत्रीय माग उनीहरुले राखेका छन् । ती मागहरु स्थानीय र केन्द्र सरकारले पुरा गर्नु पर्ने उनीहरुको भनाई रहेको छ । किसान संघर्ष समितिका अध्यक्ष इन्द्रप्रसाद पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा समितिका प्रबक्ता खेमराज अधिकारीसहित कृषक, शिक्षक र बुद्धिजीवीहरुको सहभागिता रहेको थियो ।

# एसइई नतिजा आउन ढिलाई हुने

झापा । माध्यमिक शिक्षा परीक्षा(एसइई) सकिएको दुई महिना बितिसकेको छ। एसइई परीक्षा दिएका करिब पाँच लाख विद्यार्थीहरू यतिखेर यही नतिजाको पर्खाइमा छन्।

अघिल्ला वर्षहरूमा एसइई परीक्षा नतिजा असार दोस्रो/तेस्रो हप्तामा प्रकाशित हुने गरेको थियो।

तर,यस वर्षको परीक्षा नतिजा प्रकाशनमा शिक्षकहरूको आन्दोलनका कारण ढिलाई हुने देखिएको छ। २०८१ सालको एसइई परीक्षा गत चैत ७ गतेबाट सुरू भएर १४ गते सकिएको थियो। प्राविधिक धारतर्फको भने चैत १९ गते सकिएको थियो। तर उत्तर पुस्तिका परीक्षण गर्ने बेला चैत २० गतेदेखि




नै 'शिक्षा विधेयक' जारी गर्नुपर्ने माग राख्दै देशभरका शिक्षक/कर्मचारीहरू काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भए।

आन्दोलन अगुवाइ गरिरहेको नेपाल शिक्षक महासंघले विज्ञप्ति नै जारी गरेर एसइई परीक्षाको उत्तरपुस्तिका परीक्षणमा सहभागी नहुन शिक्षकहरूलाई उर्दी जारी गरेपछि उत्तर पुस्तिका परीक्षणको काम रोकिएको थियो।

उनीहरूको आन्दोलन २९ दिनसम्म चल्यो। गत वैशाख १७ गते सरकार र शिक्षक महासंघबीच ९ बुँदे सहमति भएपछि भने शिक्षकहरू घर फर्किएका थिए। त्यसपछि बन्द भएका सामुदायिक विद्यालय खुले। नयाँ भर्नासँगै पठनपाठन पनि सुरू भयो। रोकिएको एसइई उत्तरपुस्तिका परीक्षण कार्य पनि सुरू भएको थियो।

परीक्षा बोर्डले परीक्षा सञ्चालन सकिएपछि असार पहिलो हप्तामा नतिजा प्रकाशन गर्ने लक्ष्य लिएको थियो। तर,शिक्षक आन्दोलनले समयमा उत्तरपुस्तिका परीक्षण नहुँदा यो समयमा नतिजा प्रकाशन हुने छाँटकाँट छैन।

अब कहिलेसम्ममा नतिजा प्रकाशित होला भन्ने प्रश्नमा बोर्डले समेत यकिन समय तोक्न सकेको छैन। राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का उप-नियन्त्रक तारानाथ निरौलाका अनुसार अहिले परीक्षण केन्द्रहरूबाट उत्तरपुस्तिका परीक्षण सकिएर केन्द्रमा आउने क्रम जारी छ।

'अझै सबै परीक्षण केन्द्रहरूबाट उत्तरपुस्तिका आइसकेको छैन,आउने क्रम जारी छ,'उनले

❖ बाँकी अन्तिम पृष्ठमा

# सदन चल्न नदिने विपक्षी दलहरूको अडान कायमै

झापा(प्रस) । भिजिट भिसा प्रकरण उच्चस्तरीय छानबिन समिति गठन गर्न सत्तापक्ष तयार नभएसम्म संसद्को अवरोध नहटाउने निष्कर्षमा विपक्षी दलहरू पुगेका छन् ।

आइतबार संसद् भवन नयाँ बानेश्वरमा बसेको बैठकले विपक्षी दलहरूले राखेको प्रस्तावमा सत्ताधारी कांग्रेस र एमाले तयार नभएकाले संसद्को अवरोध जारी राख्ने निष्कर्ष निकालेको छ ।

बैठकमा प्रमुख प्रतिपक्ष दलका नेता तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेसका सभापति शेरबहादुर देउवासँग शनिबार भएको छलफलबारे जानकारी गराएको माओवादीको प्रमुख सचेतक हितराज पाण्डेले जानकारी दिए ।



पाण्डेका अनुसार प्रचण्डले संसद्को अवरोध हटाउन विपक्षी दलहरूले राखेको प्रस्ताव उच्चस्तरीय छानबिन समिति गठन गर्न सत्तापक्ष तयार भए सदन खुलाउन आफू तयार भएको प्रस्ताव राखेका थिए । तर प्रचण्डको प्रस्तावमा देउवा तयार नभएकोबारे उनले बैठकमा ब्रिफिङ गरेका थिए ।

'भिजिट भिसा प्रकरणमा छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्ने हाम्रो अडान कायमै छ । समिति गठन गर्न प्रचण्डले देउवासँग राख्नुभएको प्रस्तावबारे पनि तयार भएको देखिएन । अहिले सत्तापक्षकै नेताहरू छलफलमा होलान् । हाम्रो अडान यथावत रहेको छ', पाण्डेले भने ।

विपक्षी दलहरूको निर्णय लिएर उपमहासचिव शक्ति बस्नेतले कांग्रेसका नेताहरूसँग गरिएको छलफल समेत सकारात्मक नभएको पाण्डेले जानकारी दिए ।

## सप्तकोशीमा बेपत्ता सशस्त्र प्रहरी साउदको शव भेटियो

झापा(प्रस) । सप्तकोशी नदीमा विपदमा उद्धारको अभ्यास गर्ने क्रममा पानीमा डुबेका सशस्त्र प्रहरी जवान सुरज साउदको शव भेटिएको छ।

बिहीबार बेपत्ता भएका साउदको शव आइतबार कोशी ब्यारेजको ५५ नम्बर ढोकामा भेटिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डिएसपी योगराज खतिवडाले बताएका छन्।

सशस्त्र प्रहरी बलको मधेश प्रदेश कार्यालयबाट प्रहरी नायव उपरीक्षकको नेतृत्वमा पाँच जना गोताखोरसहितको तालिम प्राप्त टोली सप्तकोशी नदीमा अभ्यासको लागि गएका थिए।

पाँच जनामध्ये सशस्त्र प्रहरी जवान हरदेव राजवंशी र सुरज साउद बेपत्ता भएका थिए। राजवंशीको शव शुक्रबार भेटिएको थियो। सुरजको शवको पोस्टमार्टम गरी परिवारलाई जिम्मा लगाइने सशस्त्र प्रहरी मधेस प्रदेश कार्यालयका डिआईजी कृष्ण ढकालले बताए।

# ट्रम्पले परिचालन गरे २ हजार नेसनल गार्ड




एजेन्सी । शनिबार राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले लस एन्जलसमा २ हजार नेसनल गार्डलाई परिचालन गर्ने निर्णय लियो । प्राकृतिक विपत्ति वा हिंसा भड्किन सक्ने जस्ता अत्यावश्यक अवस्थामा खटाइने नेसनल गार्ड परिचालन गर्नुपर्ने अवस्था किन आयो त ?

कागजातिविहीन आप्रवासीहरुलाई देश निकाला गर्ने क्रममा लस एन्जलसमा सयौं प्रदर्शनकारीहरु सडकमा उत्रिएपछि ट्रम्प प्रशासनले यस्तो निर्णय गरेको हो । अमेरिकी सेनाको एक विशेष शाखाको रुपमा रहेको नेसनल गार्डको परिचालन विशेष अवस्थामा मात्रै गरिन्छ । नेसनल गार्ड नै खटाउनुपर्ने अवस्थापछि के लसएन्जलसमा हिंसा भड्किन सक्ने परिस्थिति बनेको हो भन्नेजस्ता प्रश्नहरु पनि उब्जिएका छन् । इमिग्रेसन एन्ड कस्टम इन्फोर्समेन्ट (आइसी) ले कागजातिविहीन आप्रवासीहरु बसेका क्षेत्रमा छापा मार्न सुरु गरेपछि स्थिति भड्किएको हो । आइसी संघीय सरकारको यस्तो निकाय हो जसले अवैध रुपमा बसेका आप्रवासीहरुको पहिचान र देश निकाला जस्ता कामहरु गर्ने गर्छ । राष्ट्रपतिको दोस्रो कार्यकाल सुरु गरेपछि ट्रम्पले अवैध आप्रवासीहरुलाइ देश निकाला गर्ने अभियान नै सुरु गरेका थिए । बीबीसीले आइसीले एक लाख भन्दा धेरै 'अवैध' आप्रवासीहरुलाई पक्राउ गरिसकेको लेखेको छ । लसएन्जलसका कैयौ स्थानमा कागजातविहीन आप्रवासीहरु र आप्रवासनसम्बन्धी काम गर्ने सरकारी निकायका कर्मचारीबिच झडप भएका खबरहरु सार्वजिनक भएका थिए । रक्षा सचिव पिट हेगसेथले हिंसा जारी रहेको खन्डमा ड्युटी सैनिक पनि परिचालन गरिने बताउँदै सैनिकहरु उच्च सतर्क अवस्थामा रहेको बताएका छन् । अलजजिराले केही स्थानमा प्रर्दशनकारीहरुले मेक्सिकोको झन्डा फरफराएको र उनीहरुले सुरक्षाकर्मीमाथी ढुंगा र बोतल प्रहार गरेको र कारमा आगो लगाएको उल्लेख गरेको छ। प्रदर्शनकारीहरु पक्राउ पर्ने क्रम सुरु भएपछि उनीहरु संघीय डिटेन्सन केन्द्र बाहिर जम्मा भएर नाराबाजी समेत गरेका थिए। केहीले भने आइसी बिरुद्द लेखिएका प्लेकार्डसमेत देखाएका थिए ।

ह्वाइट हाउसले भने नेशनल गार्ड परिचालन गर्नुपर्ने अवस्था आउनुमा हिंस्रक भीड जिम्मेवार रहेको बताउँदै आइसीका कर्मचारीमाथी आक्रमण भएको बताएको छ ।

ह्वाइट हाउसले आफूले चालेका कदमहरु अत्यन्तै जरुरी भएको बताउँदै गैरकानुनी रुपमा अमेरिकामा बसेका अपराधीहरुलाइ निस्तेज पार्न र बढ्दो हिंसाबाट अमेरिकी नागरिकहरुलाई सुरक्षित राख्न यो काम जरुरी रहेको बताएको छ । राष्ट्रपतिले नेसनल गार्ड परिचालन यसैका कारण गरेको पनि ह्वाइट हाउसले बताएको छ ।

# पूर्वसूचना प्रणाली स्थापना गर्नुपर्ने ५ जिल्लाका सीडीओको निष्कर्ष



सोलुखुम्बु । मनसुन सुरु भएसँगै हिमताल विस्फोटन र नदीको बहाव बढ्ने भन्दै सोलुखम्बुलगायत पाँच जिल्लाका प्रमुख जिल्ला अधिकारीले पूर्वसूचना प्रणाली स्थापना गर्नुपर्ने निष्कर्ष निकालेका छन् ।

शनिबार अबेर खोटाङको हलेसीमा सम्पन्न ओखलढुंगा, खोटाङ, भोजपुर, संखुवासभा र सोलुखुम्बुका प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रतिनिधि तथा सरोकारवालाको अन्तरजिल्ला सुरक्षा समन्वय बैठकले यस्तो निष्कर्ष निकालेको हो । पूर्वसूचना प्रणाली स्थापना गर्नका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणमा अनुरोध गर्ने निर्णय पनि भएको सोलुखुम्बुका प्रजिअ अनोज घिमिरले बताए ।

५ जिल्लाका सुरक्षा प्रमुखले सगरमाथासहितका हिमालबाट बनेका हिमताल विस्फोटको उच्च जोखिममा रहेको र त्यसको प्रत्यक्ष प्रभाव सबै जिल्लामा पर्ने भएकाले उच्च सतर्कता अपनाउनुपर्ने निचोड निकालेका छन् ।

बैठकमा शान्ति सुरक्षाको समग्र अवस्था, आगामी दिनमा देखिन सक्ने मनसुनजन्य विपद् तथा सम्भावित सुरक्षा चुनौतीका विषयमा छलफल गरिएको थियो । बैठकले चोरी, तस्करी नियन्त्रण तथा फरार अभियुक्त पक्राउलाई प्रभावकारी बनाउने, पाँचै जिल्लाबीच प्राप्त सूचना छिटो आदानप्रदान प्रणाली सुदृढ गर्ने, प्रमुख नदीहरूमा पूर्वसूचना प्रणाली स्थापना गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने, दूधकोशी जलाशययुक्त आयोजना र अरुण तेस्रो जलविद्युत् आयोजना क्षेत्रमा आवश्यक स्थानमा अर्ली वार्निङ सिस्टम स्थापना गर्न सम्बन्धित निकायलाई पत्राचार गर्ने निर्णय गरेको छ ।

यस्तै जग्गा अधिग्रहणसँग सम्बन्धित मूल्य निर्धारणका विषयमा अन्तरजिल्ला सहकार्य गर्ने, बाढीपहिरोले अवरुद्ध सडक खुलाउन सामग्री र उपकरणहरु छिमेकी जिल्लाबाट समेत परिचालन गर्न सक्ने गरी समन्वय गर्ने, ओखलढुंगाको हर्कपुरमा सशस्त्र प्रहरीको सुरक्षा बेस स्थापना गर्न गृह मन्त्रालयलाई अनुरोध गर्ने, सुनकोशी नदीमा रहेको घुर्मी जोड्ने पुल जोखिममा रहेको विषयमा आवश्यक सतर्कता अपनाउनेलगायत निर्णय भएको छ ।

# झापामा अर्को बेवारिसे शव भेटियो

झापा(प्रस) । झापामा अर्को बेवारिसे शव भेटिएको छ। आइतवार साँझ ६:३० बजे बिर्तामोड नगरपालिका वडा नं.२ चैतुवारीस्थित श्रीराम प्लाई फ्याक्ट्रीनजिकै कच्ची सडकको किनारामा नाम थर वतन नखुलेको तराईवासी मुलको जस्तो देखिने अन्दाजी .बर्ष ३५ का पुरुष मृत अवस्थामा फेला परेका हुन् । इलाका प्रहरी कार्यालय घैलाडुब्बामा जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय अनारमनी र इलाका प्रहरी कार्यालय घैलाडुब्बाबाट प्रहरी टोली खटिएर कानुनी प्रकृयालगायतका कार्यहरु भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

आइतवार नै बिहान कनकाई नगरपालिका वडा नं. २ धनुषकोटीस्थित माई खोलाको बिच भागमा बेवारिसे शव फेला परेको थियो ।



तत्काल नाम, थर र वतन नखुलेको ,सेतो रङको कमेज सुरुवाल लगाएको बर्ष अन्दाजी ५० का पुरुष मानिस घोप्टो परी मृत अवस्थामा फेला परेका थिए ।

स्थानीयले देखेर आइतवार बिहान इलाका प्रहरी कार्यालय सुरुङ्गामा जानकारी गराउनसाथ प्रहरी बरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको कमाण्डमा टोली खटिएर घटनास्थल सुरक्षित राखेको प्रहरीले जनाएको छ ।

# सत्ता र प्रतिपक्षको अडानले 'बन्धक' बन्यो संसद

झापा । प्रतिपक्षी दलको अवरोधका कारण प्रतिनिधिसभाको बैठक कार्यसूचीमा प्रवेश नै नगरी स्थगित भयो। भिजिट भिसा प्रकरणमा छानबिन समिति गठन गर्नुपर्ने विपक्षीको मागका कारण संसद बैठक निरन्तर स्थगित हुँदै आएको छ।

सभामुख देवराज घिमिरेले बजेटका विषयमा छलफल गर्नुपर्ने र महत्त्वपूर्ण विधेयक पनि अगाडि बढाउनुपर्ने विषयमा ध्यानाकर्षण गराउँदै आएका छन्। तर, विपक्षी दलहरू आफ्नो मागप्रति अडिग रहेका छन्।

नेकपा माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डेले भिजिट भिसा प्रकरणमा विपक्षी दलले राखेका विषयमा छलफल



जारी रहेपनि कुनै सहमति नभएको बताएका छन्।

आइतबार संसद भवन नयाँ बानेश्वरमा सञ्चारकर्मीसँग कुरा गर्दै पाण्डेले सत्तापक्ष र प्रतिपक्षीबीच छलफल भइरहेको भन्दै अहिलेसम्म कुनै सहमति नभएको प्रष्ट पारे। 'छानबिन समिति बनाउनुपर्छ भन्नेमा हाम्रो अडान कायमै छ,' उनले भने।

त्यस्तै रास्वपा प्रमुख सचेतक सन्तोष परियारले आफूहरू निरन्तर छलफलमा रहे पनि विषयको गम्भीर्यतालाई सत्ता पक्षले बुझ्न नसकेको आरोप लगाए। भिजिट भिसा प्रकरणमा छानबिन समिति बनाउनुपर्ने आफूहरूको न्यूनतम माग रहेको उनको भनाइ छ।

'सदनको गतिरोध खुलाउने प्रयास जारी नै छ। सोमबार सदन बस्नुअघि केही न केही सहमति हुने विश्वास लिएका छौं,' उनले भने। छलफलबाटै समस्याको हल गर्ने पक्षमा आफूहरू रहेको उनको भनाइ छ। त्यस्तै नेकपा एमालेका प्रमुख सचेतक महेश बर्तौलाले सदनको गतिरोध अन्त्य गर्न दलहरू समझदारी नजिक पुगेको बताए। बर्तौलाले भिजिट भिसा प्रकरणमा प्रतिपक्षीले राखेका विषयमा निरन्तर छलफल भइरहेको र सदनको गतिरोध अन्त्य गर्न दलहरू समझदारी नजिक पुगेको दाबी गरे।

उनले सोमबार संसद बैठकअघि निरन्तर छलफल हुने र दिउँसो २ बजे बस्ने बैठक सहजरूपमा सञ्चालन हुने गरी आइतबारको छलफल टुंगिएको बताए। बर्तौलाले राज्यको निकायमा हुने गरेका भ्रष्टाचारजन्य कार्य नियन्त्रण गर्न सरकारले प्रतिबद्धता जनाउने गरी छलफल अघि बढेको बताए। उनले दलहरूबीच समझदारीको कुनै ड्राफ्ट भने अहिलेसम्म नबनेको बताए।

# झापाका दन्त चिकित्सकहरुलाई दक्ष बनाउन तालिम

झापा(प्रस) । नेपाल डेन्टल एसोसिएसन झापाले जिल्लाका दन्त चिकित्सकहरुलाई दक्ष बनाउन तालिम प्रदान गरेको छ ।

दन्त चिकित्सकहरुलाई आधारभूत ज्ञान र व्यवहारिक सीपमा दक्ष बनाउन Hands–On Workshop Basic Anterior Composite Restorations सम्बन्धी एक दिवसीय तालिम दिइएको हो ।

बिर्तामोडको सीपी होटलमा आयोजना गरिएको कार्यक्रममा डा. इभान मानन्धरले दन्त चिकित्सकहरुलाई तालिम दिएका थिए । नेपाल डेन्टल एसोसिएसन झापा शाखाका वर्तमान अध्यक्ष डा. मुकेशकुमार शाहले अध्यक्षता गरेको कार्यक्रममा स्वागत मन्तव्य महासचिव डा. अक्कल गुरुधामी तथा पूर्व अध्यक्ष डा. हेरम्ब झाले दिएका थिए ।

सो कार्यक्रममा हिमालय डेन्टल सर्जिकल सप्लायर्स, श्री पाउ पाथिभरा सप्लायर्स, ॐ दिव्यान्श डेन्टल सप्लायर्स, विभूति केमिकल सर्जिकल सप्लायर्स, सीटीएल फर्मास्युटिकल्स र इस्कन इम्पेक्सको प्रायोजन रहेको थियो। सो कार्यक्रमको संचालन डा. नेहाल मैनालीले गरेका थिए भने प्राविधिक सहयोग डा. शयुज अधिकारीले गरेका थिए ।

कार्यक्रममा ३० जना दन्त चिकित्सकहरुको सहभागिता रहेको नेपाल डेन्टल एसोसिएसन झापाका अध्यक्ष डा. शाहले जानकारी दिएका छन् ।

## एसइई ...

भने,'सबै परीक्षण केन्द्रहरूबाट परीक्षण भएको तथ्यांकसहितको उत्तरपुस्तिका आइसकेपछि मात्रै यो समयमा नतिजा प्रकाशन हुन्छ भनेर भन्न सक्छौं,अहिले चाही भन्न सक्दैनौं।' यस वर्षको मनसुन भित्रिसकेको छ। जसकारण विभिन्न ठाउँका सडक अवरूद्ध हुन थालेको छ। यसले पनि एसइई परीक्षा नतिजा प्रकाशनमा असर पुग्ने देखिएको छ।

'पहिलो त शिक्षक आन्दोलनले परीक्षण काम ढिला भयो,अहिले बाटोको कारण पनि भनेजस्तो समयमा उत्तरपुस्तिका यहाँ ल्याउन सकिएको छैन,नवलपरासीबाट यहाँसम्म ल्याउन मात्रै चार दिन लाग्यो,त्यसैले पनि अहिले हामी एसइई नतिजा प्रकाशन समयबारे भन्न सक्ने अवस्थामा छैनौं,'उनले भने। झनै विकट ठाउँबाट उत्तरपुस्तिका ल्याउन समय लाग्ने देखिएको उनको भनाइ छ। 'हाम्रो तर्फबाट चाही सक्दो छिटो प्रकाशित गर्ने भन्नेमा छौं,त्यहीअनुसार काम पनि भइरहेको छ,'उनले भने।

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का अनुसार यो एसइई परीक्षामा सामुदायिक र संस्थागत गरी जम्मा ११ हजार २१६ वटा विद्यालयबाट ५ लाख १४ हजार ७१ जनाले फाराम भरेका थिए। तर यी सबै विद्यार्थी परीक्षामा भने सहभागी भएका छैनन्। बोर्डले फाराम भरेका नियमित र ग्रेडवृद्धि सबैगरी करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी नभएको जनाएको छ। परीक्षाका लागि देशभर २ हजार ७९ वटा र जापानमा एउटा परीक्षा केन्द्र तोकिएको थियो।

एसइई परीक्षा बिहान ८ बजेदेखि बिहान ११ बजेसम्म सञ्चालन भएको थियो। पहिलो दिन चैत ७ गते अनिवार्य अंग्रेजी विषय,संस्कृत वेदविद्याश्रमतर्फ अनिवार्य संस्कृत र मदरसातर्फ अनिवार्य अरबी भाषाको परीक्षा भएको थियो।

चैत ८ गते अनिवार्य नेपाली विषय, गैरनेपाली विद्यार्थीहरूका लागि अंग्रेजी (इलेक्टिभ इङलिस) लगायत विषयको परीक्षा समावेश थियो।

# प्रहरी विभागले गुमायो कर्मठ सिपाही , परिवारले अभिभावक

झापा(प्रस) ।मोरङ कानेपोखरी गाउँपालिका-४ बयरवन घर भएका सशस्त्र प्रहरी नायव निरीक्षक पुरनलाल राजवंशीको अनिवार्य अवकाश हुन ३ वर्ष मात्र बाँकी थियो । करिव २७ वर्षसम्म प्रहरी विभागमा सेवारत रहँदा उनी आफ्नो जिम्मेवारीसंगै घरको कामकाजमा समेत दत्तचित्त भएर खटिन्थे । उनको घरमा ग्वाली बनाउनु पर्ने आवश्यकता थियो । उनी ग्वाली बनाउनै घर विदामा गएका थिए । जेठ १२ गते घर विदामा गएका उनलाई ग्वाली बनाउने काम नसकेपनि विदा सकिएकाले हिजो साँझ डिउटीमा फर्किनु पर्यो ।

इलाम बीओपी समालबुङ पोष्टमा कार्यरत राजवंशीले व्यारेक फर्कने क्रममा मोटरसाइकल दुर्घटनामा परी ज्यान गुमाए ।



शनिवार साँझ ७.५५ बजे कमल गाउँपालिका ३ सानो केर्खास्थित पूर्वपश्चिम लोकमार्गमा उनी चढेको प्र.१-०२-००५२प ७०२९ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भएको थियो । उनलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड पठाएकोमा राति ९ बजे अस्पताल पुर्याउनसाथ डाक्टरले मृत घोषणा गरेका थिए ।

खडगनारायण राजवंशी र जुरासी राजवंशीका कान्छा छोरा पुरनलाल जनपद प्रहरीमा सिपाहीमा प्रवेश गरेका थिए । पछि उनी सशस्त्र प्रहरीमा आएका थिए । इमान्दार र मिलनसार स्वभावका राजवंशीको मृत्युले उनको परिवार , बयरबनबासी र सिंगो व्यारेक स्तव्ध भएको छ । आफूहरुले एक कर्मशील र इमान्दार प्रहरी गुमाएको बीओपी समालबुङ पोष्टका प्रमुख सशस्त्र प्रहरी निरीक्षक सागर प्रधानले बताए ।

राजवंशीका श्रीमती पारो राजवंशी , एसईई दिएकी एक छोरी र कक्षा ९ मा अध्ययनरत एक छोरा रहेका छन् । आफ्नो घरपरिवार र समाजका लागि सँधै मरिमेट्ने व्यक्तिलाई गुमाउनु पर्दा अत्यन्त दुःख लागेको आफन्त सुवास राजवंशीले बताए ।

राजवंशी यसअघि माओवादी सशस्त्र द्वन्द्वमा मुश्किलले बाँचेका थिए । उनको शव प्रादेशिक अस्पताल भद्रपुरमा पोस्टमार्टम गरी अन्त्येष्टिका लागि घरतर्फ लगिएको छ ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# जनआक्रोश व्यवस्थापन गर

पछिल्लोपटक जनताले पुनः राजालाई आह्वान गर्नुको कारण पनि तिनै नेताहरु हुन्, जसले उनीहरुलाई धोका दिए भन्ने उनीहरुको बुझाइ छ।

यसमा कस्तो लाग्छ भने नेताहरुले जनतामाझ जे जस्तो वाचा गरे तापनि ती वाचाहरूलाई कसरी नीतिमा परिणत गर्ने भन्ने ढंग उनीहरुमा रहेनछ। किनभने अहिलेसम्म देखिएका अधिकांश नेताहरुमा थोरै सैद्धान्तिक ज्ञान र धेरै महत्वाकांक्षा देखियो। निर्वाचित भएपछि आफैं जान्ने भएको अहंकार पनि रहेछ। त्यसमाथि आन्दोलनमा होमिन जनतालाई आह्वान गर्न सरल भएपनि आन्दोलन सफल भएपछि के गर्ने भन्ने कुनै योजना बनाएको देखिएन।

उदाहरणको लागि जहानियाँ राणाशासन ढालेर जनताको हातमा शासन ल्याउने २००७ सालको आन्दोलन सफल भएपछि के गर्ने भन्ने योजना कसैसँग थिएन। यही कुरा एकदलीय पञ्चायती व्यवस्था फ्याँक्न २०४६ सालमा गरिएको आन्दोलनमा होस् अथवा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने २०६२–६३ को आन्दोलनमा होस्, त्यही अवस्था दोहोरियो। मुलुक झन् झन् कमजोर र अराजक हुँदै गयो। तर, आफूहरुको त्यो कमजोरीलाई नेताहरुले स्विकार्न चाहेनन्। किनभने उनीहरूसँग विकल्प नै रहेनछ।

अहिले पुनः मुलुक त्यही मुठभेडको बिन्दुमा पुगेको छ। अब अग्रगमन र पश्चगमनका अर्थहीन दन्तबजान गरेर थप अराजकता मौलाउन दिने कि आ–आफ्ना कमी कमजोरी सच्याएर सबै अटाउन सक्ने स्थिर राजनीतिक परिवेश खडा गर्ने भन्ने प्रश्न खडा भएको छ। यदि स्थिरतातिर अघि बढ्ने हो भने फागुन २५ गतेको जन–आवाजलाई एउटा अवसरको रुपमा बुझ्नुपर्छ। त्यसलाई व्यवस्थापन गर्न योजनाबद्ध रुपमा अघि बढ्नुपर्छ।

अहिलेका नीति निर्माताहरूले विकासलाई निर्माणसँग जोडेर हरेक तहमा निर्माणलाई प्राथमिकता दिएको अवस्था छ। निर्माणबाट कमिसन प्राप्त हुने लोभले हो अथवा कसैको उक्साहटमा हिमालयको अग्रभागसम्म सजिलै पुग्न सकिने स्थान बनाउने रणनीतिक उद्देश्यले गर्दा हो, ऋण लिएर भएपनि बाटो बनाउने कार्यले प्राथमिकता पाएको देखिन्छ। त्यही बाटोको कारणले बाढी पहिरो बढ्ने तथा पानीका स्थानीय मूलहरू सुक्ने भएकोले जनताको उठिबास लागेको छ। त्यसलाई कसरी बदल्ने?अहिलेको सबैभन्दा महत्वपूर्ण चुनौती भनेको विभिन्न शक्तिहरूबीच संवाद, सहकार्य गर्ने वातावरण मिलाउने भन्ने हो। नेपाललाई अस्थिरता तर्फ धकेल्न पर्दा पछाडि के कस्ता खेलहरू भए भन्ने कुरा विस्तारै उजागर हुन थालेकाले यो जनआक्रोशलाई शान्तिपूर्ण तवरले व्यवस्थापन गर्न सकिएन भने पुनः यसले उग्ररूप लिन सक्छ भन्ने अनुमान गर्न सकिन्छ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# कार्यान्वयनको कसीमा बजेट



• डा.चन्द्रमणि अधिकारी

अर्थमन्त्री विष्णु पौडेलले आर्थिक वर्ष २०८२/८३ का लागि १९६४ अर्बको बजेट संघीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको छ । अब सात वटा प्रदेश सरकार र ७५३ वटा स्थानीय तहले आआफ्नो बजेट सम्बन्धित सभामा प्रस्तुत गर्न बाँकी छ । प्रदेश र स्थानीय सरकारका बजेटको प्रमुख स्रोत पनि संघीय तहबाट प्राप्त हुने राजस्व बाँडफाँट तथा अनुदान नै हो । त्यसका लागि पुग/नपुग ५८४ अर्ब रकम विनियोजनसमेत भइसकेको छ । अब प्रदेश तथा स्थानीय सरकारले त्यसमा आफूसँग भएको केही मौज्दात र आफ्नो स्रोतबाट सङ्कलन गर्ने राजस्व रकम थप गरी बजेट प्रस्तुत गर्ने छन् ।

विगतको अनुभव, प्रदेश तथा स्थानीय तहको राजस्व सङ्कलनको संरचना एवं कुल बजेटमा त्यस तहका सरकारबाट सङ्कलन गरिएको राजस्वको न्यून योगदानलाई हेर्दा आउँदो वर्षका लागि तिनै तहका सरकारको गरी करिब साढे २७ खर्ब रुपियाँ बराबरको बजेट प्रस्तुत हुने अनुमान गर्न सकिन्छ । त्यसमा दोहोरो पर्न जाने करिब चार खर्ब रकम घटाउँदा मोटामोटी साढे तेइस खर्ब रुपियाँ बराबरको रकमलाई गुणस्तरीय ढङ्गले खर्च गरेर त्यसैबाट आमनागरिकले अपेक्षा गरे अनुसारको आर्थिक तथा सामाजिक विकासका लक्ष्य हासिल गर्नुपर्ने छ । यस सम्बन्धमा गत आव २०८०/८१ को तथ्याङ्क केलाउँदा सो वर्ष तीन तहमा गरी २५८१ अर्ब रकम विनियोजन भएकोमा २००१ अर्ब खर्च भएको रहेछ । त्यसमध्येबाट दोहोरो खर्च देखिने रकम घटाउँदा खुद १६४० अर्ब रकम खर्च भएछ । त्यसमध्ये ४४८ अर्ब अर्थात् २७ प्रतिशत पुँजीगततर्फ खर्च भएको देखिन्छ । त्यसको गुणस्तरीयताको मूल्याङ्कनको विषय पनि आफ्नो ठाउँमा छ ।

संघीय सरकारका तर्फबाट प्रस्तुत बजेटले छ प्रतिशतको आर्थिक वृद्धि र मुद्रास्फीतिलाई ५.५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको छ भने पहिलो उद्देश्यमा उच्च, दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गरी गरिबी निवारण गर्ने उल्लेख छ । यसबाहेक लगानी विस्तार गरी रोजगारी सिर्जना गर्ने, प्रविधिको प्रयोग बढाएर दक्षता वृद्धि गर्ने, सामाजिक न्याय कायम गर्ने, सार्वजनिक सेवालाई गुणस्तरीय बनाउने तथा सुशासन प्रवर्धन गर्नेसमेतका अरू चार वटा उद्देश्य पनि राखिएका छन् । बजेटले सधैं झैं उद्यमशीलता, रोजगारी, उत्पादन र उत्पादकत्व वृद्धि, गुणस्तरीय भौतिक पूर्वाधारमा लगानी, सामाजिक क्षेत्रमा गुणात्मक सुधार, सन्तुलित विकास, सामाजिक सुरक्षाको सुनिश्चितता, नागरिकमैत्री सेवा, र भ्रष्टाचार नियन्त्रण जस्ता विषयलाई प्राथमिकतामा राखेको छ ।

कृषिमा अनुनिकीकरणद्वारा अर्थतन्त्रको रूपान्तरण, उद्योगव्यापार तथा लगानी प्रवर्धन, पर्यटन पूर्वाधार र सम्पदा संरक्षण, निरोगी र स्वस्थ्य नेपाली, स्वच्छ ऊर्जा तथा खेतीयोग्य जमिनमा सिञ्चित क्षेत्र विस्तार र योजनाबद्ध सहरी विकास समेतका कार्यक्रम पनि अघि सारेको छ । यी सबैलाई हेर्दा बजेटको उद्देश्य, प्राथमिकता र कार्यक्रमका शब्दावलीमा आपत्ति जनाउनुपर्ने कुनै कारण छैन । विनियोजित बजेट तथा निर्धारित लक्ष्यले हाम्रासामु रहेका चुनौतीलाई सम्बोधन गर्लान् त ? लिएको लक्ष्यको अङ्क र निर्धारित उद्देश्यबिच तालमेल मिलेको छ त ? संविधानले देखाएको अर्थ दर्शनको बाटो र आवधिक योजनाले लिएको सोच वा गन्तव्यमा पुग्न निर्धारित लक्ष्य पर्याप्त छ त ? निर्धारित लक्ष्य हासिल गर्न सरकारका अतिरिक्त अन्य पक्षको भूमिका कस्तो हुनु पर्ला ? अन्तर्राष्ट्रिय अर्थतन्त्रको दिशा कता जाला ? तीन तहका सरकारले कसरी काम गर्नु पर्ला भन्ने प्रश्न हाम्रोसामु तेर्सिएका छन् । यी प्रश्नको जगमा टेकेर विषयको चिरफार गर्दा भने बजेटले लिएको आर्थिक वृद्धिको लक्ष्य र यसले लिएको पहिलो उद्देश्यबिच खासै तालमेल मिल्न सकेको देखिँदैन ।

विगतलाई हेर्दा दशकौँदेखि आर्थिक वृद्धिलाई मुद्रास्फीतिले उछिनेको छ । महँगीको अङ्कभन्दा तल रहेको आर्थिक वृद्धिलाई उच्च आर्थिक वृद्धि भन्न सकिन्न । अर्कोतर्फ हाम्रो सामुन्ने सन् २०३० सम्ममा नेपाललाई मध्यम आय भएको राष्ट्रको स्तरमा पुर्‍याउनुपर्ने, सन् २०२६ मा देश विकासोन्मुख राष्ट्रमा स्तरोन्नति भएपछि आउने चुनौती सम्बोधन गर्न र त्यसबाट सिर्जना हुने अवसरको उपयोग गर्नु पर्ने, पैठारी तथा विप्रेषणमा आधारित अर्थतन्त्रलाई निकासी र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण गर्दै जानुपर्ने समेतका चुनौती छन् । यी विषयलाई मध्यनजर गर्ने हो भने छ प्रतिशतको आर्थिक वृद्धिबाट त्यस्ता चुनौतीको सम्बोधन हुन सक्दैन । यसका लागि कम्तीमा पनि वार्षिक आठ प्रतिशतको आर्थिक वृद्धिको आवश्यकता पर्छ । त्यसका लागि लगानी पनि त्यही अनुपातमा हुनु पर्छ । तीन तहको सरकारबाट बल्लबल्ल साढे चार अर्ब लगानी भएको र निजी एवं सामुदायिक क्षेत्रबाट हुने लगानीमा समेत सङ्कुचन आएको बेलामा उच्च आर्थिक वृद्धि सहजै हासिल गर्न सकिने पनि होइन ।

बजेटले उद्देश्य, प्राथमिकता र कार्यक्रम गरी तीन वटै तहमा सुशासन, भ्रष्टाचार नियन्त्रण, शासकीय सुधार, आयोजना व्यवस्थापनमा सुधार, वित्तीय क्षेत्र सुदृढीकरण र मितव्ययितालाई स्थान दिएको अवस्थामा यी विषय प्रभावकारी रूपमा कार्यान्वयन हुन्छन् भन्ने विश्वास राख्ने हो भने सात प्रतिशतको वृद्धि सजिलै हासिल हुन सक्छ । सुशासन अनुभूति सूचक एक अङ्कले माथि उक्लिएमा आर्थिक वृद्धि कम्तीमा पनि डेढ प्रतिशतले माथि जान्छ भन्ने अध्ययनहरूले देखाएका छन् । हामीले बजेटमा उल्लिखित कार्यक्रमको पूर्ण कार्यान्वयन हुन्छ भन्ने अठोट राखेर बजेट तर्जुमा गरेका हौं भने त्यो सूचकलाई बढाएर कम्तीमा पनि ४० पुर्‍याउने अठोट गरको हुनु पर्छ । त्यसो गर्दा आठ प्रतिशतको वृद्धि हुन सक्छ, सुशासन र स्रोतको सन्तुलित विनियोजन भयो भने अनि आर्थिक वृद्धिलाई उच्च र फराकिलो बनाउन सकिन्छ । यहाँ बजेट तर्जुमा र लक्ष्य निर्धारण गर्दा पूर्ण रूपले साँगोपाँगो मिलेको देखिँदैन ।

अर्कातिर आर्थिक वृद्धि सङ्घीय सरकारले गरेको कामले मात्र हासिल हुने होइन । यसका लागि निजी तथा सामादयिक क्षेत्र र तीन वटै तहका सरकारको लगानी, लगानीका सोच तथा तिनको कार्यान्वयनबिच पर्याप्त तालमेल हुनु पर्छ । विनियोजन पक्षमा पुँजीगत खर्चको अङ्क चालु वर्षको तुलनामा केही बढेको देखिए पनि राजस्वमाथिको चापले होला विदेशी सहायतामा बढी भर परेको देखिन्छ । यसको अर्थ पुँजीगत खर्चतर्फको विनियोजनको जग कमजोर देखिन्छ । विगतलाई हेर्दा वैदेशिक सहायता प्राप्तिको गति सुस्त र न्यून छ ।


आव २०७९/८० मा बजेटले अनुमान गरेमध्ये ४२ प्रतिशत मात्र अनुदान प्राप्त भएको छ भने आव २०८०/८१ का लागि यो प्रतिशत ४६ छ । वैदेशिक अणतर्फ यी दुवै वर्षमा अनुमान गरिएको रकमको क्रमशः ४७ प्रतिशत र ५६ प्रतिशत मात्र प्राप्त भएको छ । चालु आवमा पनि जेठ २२ गतेसम्ममा बजेटमा राखिएकोमध्ये

३८ प्रतिशत मात्र अनुदान प्राप्त भएको छ । ऋणतर्फ वर्र्षभरिमा अनुमान रकमको दुई तिहाइ मात्र प्राप्त हुने सम्भावना छ । सरकारले आगामी वर्षका लागि १४८० अर्ब राजस्व उठाउने लक्ष्य राखेको छ, जुन आव २०८०/८१ मा उठेको राजस्वको तुलनामा ४० प्रतिशतले बढी हो । जबकि विगत नौ वर्षको राजस्व सङ्कलनको औसता वृद्धि १२ प्रतिशत छ भने विगत तीन वर्षको मात्र हेर्दा यो अङ्क छ प्रतिशत पुगनपुग छ । सरकारले बजेट कर्यान्वयन गर्दा राजस्व परिचालन र वैदेशिक सहायता रकमको परिचालन र उपयोग गर्ने विषयमा विशेष रणनीति अख्तियार गर्नु पर्छ । उद्देश्य र नियतमा खोट नभए पनि बजेटका आय तथा विनियोजनका ढाँचा, नीतिगत व्यवस्था र कार्यक्रमको स्वरूप हेर्दा यस बजेटले कतिपय अवस्थामा समाजवादप्रतिको सद्भावलाई बिर्सिएको आभास हुन्छ । वर्गीय तथा आर्थिक सामाजिक दृष्टिले पछि परेका र गरिबीको रेखामुनि रहेका वर्गको हितमा रोजगारी र उत्पादनमूलक कार्यक्रम ल्याउनुपर्ने थियो ।

सन् २०३० सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने विषयलाई बेवास्ता गरे जस्तो पनि देखिन्छ । गाउँठाउँका बाँझा जग्गा जमिनलाई अवाद गर्ने र ती ठाउँमा रहेका पूर्वाधारको प्रयोग अब आर्थिक तथा सामाजिक क्रियाकलापमा अभिवृद्धि गर्ने गरी अझ बलिया र ठोस कार्यक्रम ल्याउन सकेको भए राम्रो हुन्थ्यो । व्यक्तिगत आयकरको सीमा बढाएर उपभोक्ताको क्रय क्षमता बढाउनु पर्दथ्यो, त्यो भएन ।

बजेट आइसकेको छ, यसले सबैलाई चित्त बुझाउन त नसक्ला तर कार्यान्यवनमा लैजाँदा विवेक पुर्‍याउनु पर्छ, आमनागरिकलाई न्याय गर्नु पर्छ र न्याय गरेको देखिनु पनि पर्छ । मितव्ययिताको कुरा भाषणमै सीमित हुनु हुँदैन । करका सम्बन्धमा गरेको छुटको व्यवस्था र विनियोजनतर्फ कार्यक्रमिक लाभ आम नगारिक, उपभोक्ता, किसान, मजदुर र लघु, साना र मझौला उद्योगी व्यवसायीले पाए कि पाएनन् भन्नेबारे निरन्तर अनुगमन हुनु पर्छ । बजेटमा कतिपय नयाँ र राम्रा विषय पनि परेका छन् । उदाहरणका लागि विद्युतीय कारोबारमा लागेको मूल्य अभिवृद्धि कर हटाइएको छ । सुर्तीजन्य तथा मदिराजन्य वस्तुमा कर बढाइएको छ । त्यसले अनधिकृत व्यापार बढाउने विषयमा सरकार चनाखो हुनु पर्छ । आयोजना कार्यान्वयनमा ढिलाइ गर्ने र त्रुटिपूर्ण डिजाइन गर्नेलाई जवाफदेही बनाउने कुरा कत्तिको पालना हुन्छ, त्यसले पनि बजेट कार्यान्वयनको प्रभावकारिता निर्धारण गर्छ । वस्तुको भन्सार शुल्कमा दिएको छुटको लाभ उपभोक्तासम्म नै पुग्छ कि व्यापारीकै तहमा अड्किन्छ भन्ने विषयमा पनि सरकार चनाखो हुनु पर्छ । यी सबै काम गर्न सके बजेटमा केही कार्यान्वयनको दृष्टिले असल कसीमा उतार्न सकिन्छ, लक्ष्यको नजिक पुग्न सकिन्छ ।

# परिवार व्यवस्थापन अभ्यास



• प्राडा शेषकान्त अर्याल

भ्रूण मनुष्यको आदिम अवस्था हो । जन्मन पाउनु यसको नैसर्गिक अधिकार हो । पृथ्वीको काखमा खेल्न पाउनु, रमाउन पाउनु र पृथ्वीका साधन स्रोतहरू उपभोग गर्न पाउनु यसको पूर्ण हक अधिकार छ । भ्रूणले पृथ्वीमा आउन आमासँग भन्छ 'मेरो प्राण हरण नगर ।'

हिन्दुहरूको गर्भ उपनिषद्मा उल्लेख भएका मन्त्र चिन्तन, मनन गर्न लायक छन् । यो करिब १४१६ विसीमा लेखिएको हो, भनिएको छ । यसमा पहिलो दिनको भ्रूणलाई कलाद भनिन्छ । यसमा भ्रुणको विकास प्रक्रिया आधुनिक भ्रूणविज्ञानसँग मेल खान्छन्, केवल अङ्ग बन्ने प्रक्रिया केही फरक छन् ।

ग्रिक दार्शनिक हिपोक्रेट्स (पाँचौं शताब्दी विसी) र चौथो शताब्दी विसीमा एरिस्टोटलले पनि भ्रूणको गहिरो अध्ययन गरेका छन् । मनुष्यको पूर्ण रूप मानेका छन् । गेलेनले दोस्रो शताब्दीमा एउटा किताब 'भ्रूणको बनावट' लेखेर भ्रूणको विकास र पोषणको व्याख्या गरेका छन् ।

मध्यकालीन युग विज्ञान विकासको गति धिमे भयो । सातौं शताब्दीमा मुस्लिमहरूको पवित्र ग्रन्थ कुरानले पनि पुरुषको शुक्रकिट र स्त्रीको अन्डा मिलेर न्युफ्रा बन्छ र छैटौं दिनमा गर्भ गृहमा प्रवेश गर्छ भनेको छ । रगत चुस्ने जुका जस्तो गर्भ रहेको दुई हप्तामा बन्छ भनेको छ । कुरानले पनि भ्रूणलाई मनुष्यको आदिम अवस्था मानेको छ । एघारौं शताब्दीका अफ्रिकी नक्षेत्रविज्ञहरूले नक्षत्र विज्ञानकै आधार अनुसार भ्रूणको विकास हुने बताएका छन् । लियो नार्दो डा भिन्चीले पन्ध्रौं शताब्दीमा भ्रूणको सही मूर्ति बनाएका थिए ।

हार्भेले सन् १६५१ मा सिम्पल माइक्रोस्कोपले कुखुराको भ्रूणको रक्तसञ्चार बारेमा अध्ययन गरे । विभिन्न समयमा विभिन्न व्यक्तिले अध्ययन गरे पनि भ्रूणशास्त्रको विकास सन् १८३९ मा सेल्दन र स्वानले कोषिका सिद्धान्तको प्रतिपादन गरेपछि भ्रूणशास्त्रको वैज्ञानिक मान्यता पाएको बताइन्छ । यो सिद्धान्त प्रतिपादनपछि भ्रूण एउटा कोष अन्डा शुक्रकिटसँग मिलेर निशेचन भएपछि जाइगोट बन्छ । विलियम हिजले ह्युमन टिस्युको अध्ययन गरे । हान्स स्पेमेनन्ले सन् १९३५ मा कसरी एउटा टिस्युले अर्काको भाग्य निर्माण गर्छ भन्नेमा नोवेल पुरस्कार प्राप्त गरे ।

इडवार्डस र स्टेप्टोले सन् १९७८ मा टेस्टट्युब बेबी इन भिट्रो फर्टिलाइजेसन टेक्निकको अग्रगामी बने । भ्रूणको विकासमा ठुलो सहयोग गरे । वंशजको सिद्धान्तको विकास अस्ट्रियन मेन्डेल मङ्कले १८६५ मा नै गरेका थिए । प्रजनन प्रक्रियामा फ्लेमिङले क्रोमोजोमको भूमिका हुने कुरा १८७८ बताएका थिए । क्रोमोजोमको महत्वपूर्ण अवलोकन भोन विनीवार्टरले सन् १९१२ मा गरेका थिए । पेन्टरले ४८ क्रोमोजोम भ्रूणमा संलग्न हुन्छन् भनेर सन् १९२३ मा बताएका थिए । टिजियो र लेभानले ४६ क्रोमोजोमले भ्रूण बन्ने प्रक्रिया बताएपछि सन् १९५६ देखि आजसम्म आमाका २३, बावुका २३ गरी ४६ क्रोमोजोमले भ्रूण बन्ने प्रक्रिया मानिँदै आएको छ ।

वर्तमान समयमा आणविक जीव विज्ञान र अनेकन विज्ञानका सिद्धान्तको विकासले जीवको भ्रूण बन्नेमा डिएनएले प्रमुख भूमिका खेलको हुन्छ । डिएनए जेम्स वाटसन, फ्रान्सिस क्रिक र मौरिस विल्किन्सले पत्ता लगाएर सन् १९६२ मा नोवेल पुरस्कार प्राप्त गरेका हुन् । डिएनएको आविष्कारले जीवविज्ञानको र मानव शरीर रचना विज्ञानको विशाल ढोका खोलेको छ । डिएनए यो धर्तीमा सायद ३.५ अरब वर्ष पहिले देखिएको मानिएको छ । मानव शरीरमा हुने सिकल सेल, सेल वातावरणबाट पस्ने दूषित पदार्थ, सेल सेलमा हुने सूचना आदि वंशजका पदार्थ, वंशजका सुकर्म, कुकर्म र कस्तो वंशज उत्पादन गर्ने भन्ने सब डिएनएले निर्धारण गर्छ । यसमा नाइट्रोजन वेस भएका एडिनिन, ग्युनाइन, थाइमिन र सिस्टोसिनको मुख्य भूमिका हुन्छ । सुगर, फोस्फेट, कार्बोहाइड्रेट, अक्सिजन मिलेर डिएनए बनेको हुन्छ । यो अणुले शरीरलाई आवश्यक पर्ने प्रोटिन निम्न सङ्केतबमोजिम तयार गर्छ ।

मानव जीवनका गोप्यता भङ्ग गर्न डिएनएसफल भएको छ । मानव डिएनए चिम्पान्जीको डिएनएसँग ९९ प्रतिशत मिल्छ । डिएनएको अध्ययनले कसैको वंशजमा तीन चार पुस्ता अगाडि महा अनिकाल भोगेका छन् भने आजको पुस्ताले पनि त्यो दुःखद अवस्थाको अनुभव गर्छ भन्ने बताइएको छ । मानिसको डिएनएले विशाल सूचनाको भण्डारण गर्न सक्छ । डिएनएको जन्मदेखि मृत्युसम्म विशेष भूमिका रहन्छ । हिन्दु सनातन धर्ममा गर्भको पूजनको व्यवस्थापन थियो । आज पनि केही अंशमा मानिँदै आएको छ ।

वैदिककालदेखि गर्भाधान संस्कार महत्वपूर्ण मानिन्छ । सन्तानोत्पत्ति व्यक्तिगत मान्ने परम्परा थिएन । गर्भिणी महिलालाई सबैले आदर सम्मानका साथ हेर्ने चलन थियो । सुसंस्कारी बच्चा जन्माउन आमाबाबु नै संस्कारी बन्नु पर्छ । बच्चा जन्माउनभन्दा पहिला शास्त्रीय प्रशिक्षण दिने चलन पनि थियो । सोह्र संस्कारमध्ये गर्भाधान संस्कार पनि एक विशेष महत्वपूर्ण मानिन्छ । यसलाई पुंसवन संस्कार पनि भनिन्छ । प्रजनन वैयक्तिक मनोरञ्जन होइन यो एक महत्वपूर्ण सामाजिक उत्तरदायित्व हो । गर्भको सुनिश्चितता तीन महिनालाई मानिन्थ्यो । यसको पूजाको व्यवस्थालाई यही समयमा नै गरिन्थ्यो । तीन महिनामा बच्चाका पूरै अङ्गहरू बनेर केवल विकसित हुँदै जाने अवस्था ठानिन्थ्यो । गर्भको शिशु माता-पिता, कुल कुटुम्ब तथा समाजको भार होइन गौरव तथा सौभाग्यको द्योतक बनोस् भन्ने हो ।

गर्भको माध्यमबाट यो धर्तीमा प्रकट हुने जीवलाई भगवान्को प्रतिनिधि मानिन्थ्यो । गर्भको पूजन गर्भिणी र उनका पतिले मिलेर गर्नु पर्छ । परिवारका सदस्य, कुल कुटुम्बले पनि आशीर्वचन दिने चलन छ । दहीचिउरा खान दिने चलन आज पनि छ । आयुर्वेदमा गर्भिणीलाई विभिन्न जडीबुटी खुवाउने चलन छ । वर, पिपल, गिलोयका रस विशेष मान्यताका साथ सुघाउने चलन छ । वृक्ष देवताका प्रतीक हुन् । वरको रुख दृढता, पिपल देवयोनी, गिलोयको रुख उन्नतिको प्रतीक मानिन्छ । गर्भको सुरक्षाको निमित्त आधुनिक चिकित्सा विज्ञानले पनि विशेष स्वास्थ्योपचारको व्यवस्था गरेको छ ।

गर्भको पूजनको विधिविधानको बारेमा जान्न चाहेमा यजुर्वेद र आश्वलायन गृहसूत्रमा हेर्न सकिन्छ । सुसंस्कृत सन्तान जन्माउन गर्भिणी महिला निम्नानुसारको साधनामा रहनु पर्छ । सुसंस्कृत सन्तान जन्माउन आमा नै ज्यादा होसियार हुनु पर्छ । गर्भस्थ शिशुको समुचित विकासको निमित्त आमा नै मुख्य मानिन्छ । भ्रूणले सबै चाहिने पोषण पदार्थ आमाबाट नै लिन्छ । आमाबुबा सुसंस्कारित भएमा बच्चा अवश्य सुसंस्कारित हुन्छ । प्रजनन विज्ञान आध्यात्मिक विज्ञानसँग धेरै मिल्दोजुल्दो छ । सन्तान केवल वैयक्तिक मनोरञ्जनले मात्र जन्माउने हैन, भगवान्सँग प्रार्थना गर्दै आफ्नो उद्देश्य पूरा गर्ने सन्तान जन्माउने मनोभाव राख्नु पर्छ । सन्तान जन्माउन निम्नबमोजिम ख्याल राख्नु पर्छ :

१. गर्भाधान कर्म दुवै पतिपत्नी स्वस्थ हुँदा मात्र गर्ने ।

२. गाँजा, चुरोट, लागुपदार्थ, रक्सी आदि सेवन गरेको अवस्थामा गर्भाधान कर्म नगर्ने ।

३. तन र मन पवित्र अवस्थामा पतिपत्नीका बिचमा अनेक प्रेमका वार्तालाप तथा प्रेम, सद्व्यवहार, असल चिन्तनका साथ सम्भोग गर्नु पर्छ ।

४. गर्भिणी अवस्थामा हिंसा, चोरी, ईर्ष्या, डाहा गर्नु हुँदैन । मनुष्यले गरेको सद्कर्म तथा असत् कर्मको रिकर्डिङ डिएनएमा भएको हुन्छ र सन्तान दरसन्तानमा रूपान्तरित हुन्छ ।

५. पति तथा परिवारका सदस्यहरूले गर्भिणीको पूरा हेरचाहमा लाग्नु पर्छ ।

६. दूषित सोचाइ राखेमा गर्भवतीले मेन्टल रिटार्डेसन, अटिज्म सिजोफ्रेनिया भएको सन्तान जन्मन सक्ने कुरा पनि आधुनिक चिकित्सकले बताएका छन् ।

७. पति पत्नीले असल सन्तान जन्मोस् भनेर भगवान्को प्रार्थनाका साथै पोषणयुक्त भोजन, सबैसँग सद्व्यवहार गर्न

# नेपालमा पहिलो पटक शल्यक्रियामार्फत लिंग परिवर्तन

झापा(प्रस) । नेपालमा पहिलो पटक शल्यक्रियामार्फत लिंग परिवर्तन गरिएको छ। नेपालमा पहिलो पटक शल्यक्रियामार्फत लिंग परिवर्तन गरिएको त्रिवि शिक्षण अस्पतालको प्लास्टिक सर्जरी विभागले जनाएको छ। त्रिवि शिक्षण अस्पतालका प्रवक्ता सह प्रा.डा गोपाल सेढाइले अनुहार तथा स्तनका विभिन्न अप्रेशनहरुका साथै नेपालमै पहिलो पटक लिंग परिवर्तन अपरेशन (पुरुषलाई महिला) बनाइएको जानकारी दिएका हुन्। प्रवक्ता सेढाइले जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'जनकपुर निवासी २५ वर्षिया ट्रान्सजेन्डरमा गरिएको यस सेक्स चार्ज अपरेशनमा पुरुषको लिंगको तन्तुहरूलाई चाहिने मात्रामा उपयोग गरेर महिलाको जैनेन्द्रिय अंगको पुनर्निर्माण गरियो र यसले सो व्यक्तिलाई आफूले चाहेको लैङ्गिक पहिचान प्राप्त गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ।'

विदेशी प्लास्टिक सर्जन डा. अलिरेजा हमिदियान जहरोमीको नेतृत्व तथा प्लास्टिक सर्जरी विभागीय प्रमुख प्रा.डा. जयन मान श्रेष्ठको संयोजकत्वमा भएको अप्रेशनमा विभागका सम्पूर्ण प्लास्टिक सर्जनहरू प्रा.डा. ईश्वर लोहनी, डा. संगम रायमाझी, डा. समीत शर्मा, डा. विकेश राजभण्डारी, डा. हिमालय निरौला तथा रेजिडेन्ट डाक्टरहरू डा. अनुप थापा, डा. सुदिप पण्डित, डा. आशिष अधिकारी, डा. नोभेल, डा. ईशा, डा. अस्बिनको सहभागिता रहेको अस्पतालले जनाएको छ। यस्तै एनेस्थेसियामा डा. मेघा कोइराला र डा. पंकज जोशीको टीमले सहयोग गरेका हुन्।

अबदेखि त्रिवि शिक्षण अस्पतालमा लिङ्ग पहिचान क्लिनिकको स्थापना गरेर नियमित रूपमा यस्ता सेवाहरु सुचारु गर्दै जाने डा. जयन मान श्रेष्ठले जानकारी दिए। विज्ञप्तिमा भनिएको छ,'लिंग परिवर्तन अपरेशन (शल्यक्रिया) ट्रान्सजेन्डर व्यक्तिहरूको लागि आफ्नो लैङ्गिक पहिचानको पूर्ति गर्ने एक महत्त्वपूर्ण उपायहरू मध्ये एक हो। धेरै ट्रान्सजेन्डरहरूले यो अप्रेशन गर्नुपर्ने जरुरी नठाने पनि केही ट्रान्सजेन्डरहरूले यो अप्रेशन पछि आफू सम्पूर्ण रूपमा परिवर्तित लैङ्गिक पहिचान पाएको महसुस हुने विश्वास गर्दछन्।' हालसम्म यो अप्रेशन गर्न विदेशमा जानुपर्ने बाध्यता रहेकोमा नेपालमै सुविधा उपलब्ध भएपछि ट्रान्सजेन्डर समुदायलाई राहत मिल्ने अस्पतालले जनाएको छ।


# अमेरिकाबाट थप ५० नेपाली डिपोर्ट



झापा(प्रस) । अवैध रूपमा अमेरिका पुगेका थप ५० जना नेपालीलाई अमेरिकाले डिपोर्ट गरेको छ । उनीहरूलाई चार्टर्ड विमान मार्फत नेपाल फिर्ता पठाएको छ । आइतवार दिउँसो ४ बजे उनीहरु नेपाल आईपुग्ने त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका एकजना अधिकृतले बताए ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले आप्रवासन नीति लागु गरेपछि अवैध रूपमा अमेरिका बस्दै आएका नेपालीहरू निष्कासनमा पर्ने गरेका छन् । यसअघि २०८१ फागुनमा अमेरिकाको टेक्सास राज्यबाट ९ जना नेपालीलाई अमेरिकाले डिपोर्ट गरेको थियो । ट्रम्पले शासन सम्हालेपछि मात्रै अमेरिकाबाट डिपोर्ट हुने नेपालीको संख्या १ सय पुगेको छ । अध्यागमनका ती अधिकृतले भने, 'आज कति जना आउँछन्, उनीहरूलाई जोड्दा डिपोर्ट हुनेको संख्या बढेर करिब डेढ सय पुग्छ ।'

# कोरोना सङ्क्रमण बढ्यो



झापा(प्रस)। भारतमा कोरोना (कोभिड-१९) सङ्क्रमण बढ्न थालेपछि नेपालमा सतर्कता अपनाउन थालिएको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार नेपालमा गत छ महिनादेखि हालसम्म एक सय जनालाई कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । महाशाखाका निर्देशक डा. चन्द्रभाल झाले सुदूरपश्चिम प्रदेशमा पछिल्लो २४ घण्टामा मात्र थप चार जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी दिएका छन् । उनले कोरोना सङ्क्रमण पुष्टि हुने व्यक्ति भारतबाट आएको जानकारी दिए । भारतमा भने हालसम्म पाँच हजार पाँच सय जनामा कोरोना सङ्क्रमण पुष्टि भइसकेको छ । भारतमा कोरोना फैलिएपछि नेपालमा सतर्कता अपनाउन आग्रह गरिएको हो । निर्देशक डा. झाले त्रिनगर नाकामा तीन जना र एक जनाको झुलाघाट नाकामा एन्टिजेन परीक्षण गर्दा सङ्क्रमण पुष्टि भएको जानकारी दिए । उनले कोरोनाको लक्षण देखेपछि शङ्कास्पद व्यक्तिको एन्टिजेन किटमार्फत परीक्षण गर्ने गरिएको बताए ।

महाशाखाका निर्देशक डा. झाले सङ्क्रमण पुष्टि हुनेलाई घरमै आइसोलेसनमा बस्न निर्देशन दिएको जानकारी गराए । उनले यसअघि पनि सुदूरपश्चिममा शुक्रबार पाँच, बिहीबार एक र बुधबार तीन जनामा कोरोना सङ्क्रमण पुष्टि भएको जानकारी दिएका छन् ।

# अब घरजग्गा किनबेचमा बैंक स्टेटमेन्ट बुझाउनु नपर्ने

झापा(प्रस) । प्रधानमन्त्री कार्यालयको निर्देशनपछि घरजग्गा कारोबारमा बैंक स्टेटमेन्ट र केवाईसी फाराको अनिवार्यता हटाइएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागले ल्याएको निर्देशन एक सातामै संशोधन गर्दै जग्गा कारोबारमा बैंक स्टेटमेन्ट र केवाईसी फारामको अनिवार्यता हटाइएको हो ।

फाइनान्सियल टास्क फोर्स (एफटीएफ) को 'ग्रे लिस्ट' बाट मुलुकलाई बाहिर निकाल्नका लागि भन्दै कालोधन रोक्न घरजग्गा कारोबारमा कडाइ गरिएको थियो। विभागले जेठ १४ गते घरजग्गा किनबेचमा कालोधन रोक्ने नयाँ प्रयास स्वरूप भूमि व्यवस्थापन तथा अभिलेख विभागले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा निर्देशन जारी गरेको थियो । उक्त निर्देशन जारी गर्दै विभागले देशभरका मालपोत कार्यालयहरूलाई कार्यान्वयनका लागि पत्राचार समेत गरेको थियो । तर उक्त निर्देशन कार्यान्वयनमा आउन नपाउँदै प्रधानमन्त्रीको निर्देशनमा विभागले संशोधन गरेको छ । विभागले यसअघि जारी गरेको निर्देशनमा घरजग्गा कारोबार गर्दा खरिदकर्ता र बिक्रीकर्ताको बैंक स्टेटेमन्ट अनिवार्य चाहिने व्यवस्था गरेकोमा त्यसलाई संशोधन गरी अत्यन्तै लचिलो बनाइएको छ ।

ि व भ ा ग ल े संशोधन गरेको व्यवस्थाअनुसार



अब घरजग्गा कारोबारमा किन्ने र बेच्नेको बैंक स्टेटमेन्ट चाहिने छैन । बैंक स्टेटमेन्टसम्बन्धी व्यवस्था नै निर्देशनबाट हटाइएको छ । त्यस्तै विभागले खरिदकर्ता, बिक्रीकर्ता तथा एजेन्ट कम्पनीका सञ्चालकले अनिवार्य रूपमा भर्नुपर्ने केवाईसी फारामको व्यवस्था पनि संशोधन गरिएको निर्देशनमा हटाएको छ । यसअघि घरजग्गा खरिद बिक्री कारोबार गर्दा सूचक संस्थाले खरिदकर्ताको बैंक खाताबाट बिक्रीकर्ताको बैंक खातामा कारोबार बराबर रकम जम्मा भएको प्रमाण लिखतसाथ संलग्न गर्नुपर्ने व्यवस्था थियो । त्यस्तै, बैनाबट्टाको कारोबारको बैंक स्टेटमेन्ट पनि अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्था गरिएकोमा त्यो पनि हटाइएको छ । त्यस्तै,बैंकमार्फत राजस्व दाखिला गर्ने व्यवस्था भएका कार्यालयका हकमा १० लाखभन्दा बढीको घरजग्गा खरिद-बिक्री कारोबार गर्दा लाग्ने रजिस्ट्रेसन बापत शुल्क र दस्तुर तथा विक्रीकर्ताले तिर्नुपर्ने लाभकर खाताबाट तिर्नुपर्ने व्यवस्था पनि हटाइएको छ ।

यसअघि घरजग्गा खरिद-बिक्री गर्ने खरिदकर्ता वा बिक्रीकर्ताले एक दिनमा एक पटक वा पटक पटक गरी ३ करोड वा त्यसभन्दा बढी रकमको घरजग्गा खरिद वा बिक्री गरेको विवरण नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा पठाउनु पर्ने व्यवस्था गरिएको थियो । उक्त व्यवस्थामा ३ करोडको सीमालाई हटाएर एक करोडमा झारिएको छ । १० लाखभन्दा माथिको ५० लाख रुपैयाँसम्मको कारोबार अनिवार्य रूपमा बैंकिङ प्रणाली वा विद्युतीय प्रणालीमार्फत गर्नुपर्ने व्यवस्थामा पनि लचकता अपनाइएको छ ।

त्यस्तै, ५० लाख रुपैयाँभन्दा बढीको कारोबार गर्दा विद्युतीय भुक्तानी प्रणालीमार्फत सोझै वा चेकमार्फत गर्दा विक्रीकर्ताको नाममा तयार गरिएको गुड फर पेमेन्ट चेकमार्फत गर्नुपर्ने व्यवस्था गरिएको थियो ।

तर विभागले संशोधन गर्दै १० लाख रुपैयाँभन्दा माथिको कारोबारको जुनसुकै प्रकारको भुक्तानी बैंकिङ उपकरणमार्फत गरी सोको प्रमाण र ५० लाख रुपैयाँभन्दा माथिका घरजग्गा खरिद गर्दा क्रेताले बैंकबाट भुक्तानीका लागि गुड फर पेमेन्ट चेक वा बैंक ग्यारेन्टी वा ई पेमेन्ट वा नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम तोकिएका भुक्तानीका अन्य उपकरणमार्फत भुक्तानी भएको प्रमाण वा बिक्रेताको खातामा नगद जम्मा गरेको बैंक भौचरको फोटोकपी खरिदकर्ता वा बिक्रीकर्ता दुवैले प्रमाणित गरी पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

# आङ खस्ने समस्याबाट पीडित १५ जनाको शल्यक्रिया



झापा(प्रस) । भोजपुर जिल्ला अस्पतालमा सञ्चालन भएको शिविरमा आङ खस्ने समस्या भएका १५ जनाको शल्यक्रिया गरिएको छ । निःशुल्क शल्यक्रिया शिविरमाउनीहरुको शल्यक्रिया गरिएको स्वास्थ्य कार्यालय भोजपुरका प्रमुख राजु श्रेष्ठले जानकारी दिए । 'समस्या भएर पनि उपचार नपाउनुभएकालाई लक्षित गरी शिविर आयोजना गरिएको थियो, जसमा १५ जनाले शल्यक्रिया सेवा लिनुभयो,' उनले भने ।

जिल्ला स्वास्थ्य कार्यालय भोजपुरको आयोजना तथा जिल्ला अस्पताल भोजपुरको समन्वयमा भएको शिविरमा भोजपुर अस्पताल, दमक अस्पताल, धनकुटा अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीले सेवा प्रदान गरेका थिए । टिममा डा पवित्रा श्रेष्ठ, डा विजय रानाभाट, एनेस्थेसिया अम्बिका ढकाल लगायत थिए ।

## परिवार...

भुल्न हुन्न ।

८. पति पत्नीबिच झै झगडा रिसराग, द्वेष, घृणा, कलह, कुटपिट, प्रतिशोधको भावना कहिल्यै पनि हुनुहुन्न ।

९. प्रेम सम्बन्धले यौनकर्म गर्नेहरूले पनि प्रेम गर्दा गरेका पवित्र प्रतिज्ञा कदापि भुल्न हुन्न ।

१०. कुलत, कुसङ्गत, कुविचार, कुखाद्य गर्भिणीका निमित्त त्यज्य छन् ।

११. गर्भिणी अवस्थामा हाइडोज रेडियसनमा एक्सपोज हुन हुन्न ।

निल्सनले प्रकाशित गरेको प्रतिवेदन अनुसार भारतीय महिला सतासी प्रतिशत धेरै समयसम्म तनावमा छन् । अमेरिकी महिला त्रिपन्न प्रतिशत ज्यादा कामको भार बोकेका छन् । दक्षिण कोरियामा सत्तरी प्रतिशत महिला एकाङ्कीपनको सिकार छन् ।

अमेरिकामा ३९ प्रतिशत महिला अकेलापनको सिकार छन् । जापानमा त एकाङ्कीपनको मन्त्रालय नै खडा छ । आजको द्रुतस्तरको भौतिक विकासले मानिसहरू भोगविलासमा लागेका छन् । आफ्नो हैसियत तथा शारीरिक क्षमता बिर्सेका छन् ।

सुसंस्कृत, स्वावलम्बी, समाजनिष्ठ असल बच्चा जन्माउन महिलाको शोषण, हिंसा गर्न हुन्न । भारत, नेपाल पवित्र भूमि मानिए पनि हामी बच्चाबच्ची हुर्काउँदा पढाउँदा विभेद गर्छौं । पेटमा कन्या भएको थाहा पाए भ्रूणहत्या गर्छौं । दिदीबहिनीहरूलाई छेडछाड गर्छौं । बलत्कार गर्छौं । विवाहमा चाहे अनुसारको दाइजो नपाएमा अनेक ताडना दिएर महिलाको हत्या गर्छौं ।

पङ्क्तिकारले भारतको दिल्ली विश्वविद्यालय (सन् १९८४/१९८५) विद्यावारिधि गर्दा सफ्तरजङ्ग अस्पतालको वर्न (जलन) वार्डमा एक सय जलेका बिरामीमा नब्बे महिला बिरामी दाइजोका कारण श्रीमान्, घरका परिवार या आफैं ताडना सहन नसकेर जलेका हुन्थे । करिब साठी प्रतिशत मर्दथे । सुसंस्कारी बच्चा जन्माउन महिला स्वच्छ विचारिणी तथा स्वस्थ हुन जरुरी छ ।

आकाशको बात र गर्भको बात जन्न सकिन्न भन्ने हाम्रो परम्परा छ । गर्भसम्बन्धी रहस्य निम्नानसार बुझौं । जब बच्चा भर्गमा वास लिन्छ, त्यसै दिनमा उचाइ, स्वभाव, मनोभाव र समस्त जीवन एउटै सेलमा रहेको हुन्छ । गर्भिणी हुँदा राम्रो हेरविचार पुऱ्याएको छ, रक्सी, चुरोट, ड्रग्स र धेरै दुध पिएको छैन भने बच्चा सकुशल जन्मन्छ । अब उसलाई १८ वर्ष नपुग्दासम्म राम्रोसँग हेरविचार र राम्रो स्वस्थ खाना खुवाइएन भने ऊ कहिल्यै पनि पूर्ण क्षमतावान् मनुष्य हुन सक्दैन । यो सानो बालकको आफ्नै प्रणाली छ। बुझौं यहाँ सबैको आफ्नै महत्वपूर्ण समय छ ।

**गर्भ सम्बन्धमा केही अचम्मका घटना**

रसियाली हेलनटिना मोसलइभाले १८ औं शताब्दीमा १६ जुम्ल्याहा, सात तिम्ल्याहा, चार चौल्याहा गरी ६९ बच्चा जन्माएकी थिइन् । प्रसूति व्यथा ७५ दिनसम्म लागेर दिन नपुगेको अस्वस्थ बच्चा जन्माउने पोल्यान्डकी महिला हुन् । सबैभन्दा कम उमेरमा बच्चा जन्माउने पेरुभिएन महिला हुन् । उनले पाँच वर्ष सात महिना २१ दिनमा जन्माएकी हुन् । सबैभन्दा बढी उमेरमा बच्चा जन्माउने महिलाको नाउँ इरामति मान्गामाले जुम्ल्याहा छोरी ७३ वर्षको उमेरमा जन्माइन् । उनीले भारत हैदरावाद सन् २०१९ मा इनभिट्रो फर्टिलाइजेसन प्रविधिबाट जन्माएकी हुन् ।

एकैचोटि नौ बच्चाकी आमा हलिमा सिसे माली देशकी हुन् । संसारमा एउटी महिलाले एकै पटक नौ बच्चा जन्माएको रिकर्ड छ । बच्चा १३ महिनासम्म पेटमा रहेको पनि रिकर्ड छ । परिवार नियोजनमा परिवारको संख्या, उनीहरूको उचित पालन पोषण, शिक्षादीक्षा, व्यवसाय, जीवनस्तर आदिको ख्याल गरिएको हुन्छ । भ्रूणहत्यामा हुन्न । भ्रूण हत्यामा सबभन्दा ठुलो खतरा असल मनुष्य भ्रूणहत्यामा पर्ने, खराब जन्मने र आजीजन परिवारको तथा राष्ट्रको बोझ बन्ने पनि हुन सक्छ । पहिलो, दाम्रो बच्चाले तेम्रो बच्चा हत्यामा परेको अवश्य थाहा पाउँछन् । त्यो परिवारमा शान्ति कहिल्यै हुन्न । काम ऊर्जाको सही परिचय, त्यसको सिर्जनशीलता र त्यसको शिक्षाको व्यवस्था गरिनु पर्छ । अणु ऊर्जाभन्दा पनि शक्तिशाली काम ऊर्जाको जथाभावी क्षरण गर्न हुन्न भन्छन् राष्ट्रकवि माधवप्रसाद घिमिरे ।

सन्तानले डाँडाकाँडा ढाकुन् भन्ने देशमा भ्रूणहत्या पनपनु पश्चिमा सभ्यताको जालमा फस्नु हो । कन्या पूजा गर्ने देशले कन्यालाई नै मार्नु जघन्य अपराध हो । भ्रूणहत्या हत्या नै हो, सबै शास्त्रहरूले निषिद्ध गरेका छन् । विद्वान्हरूले पनि भ्रूणहत्या हत्या नै मानेका छन् । भ्रूणहत्या नगरौं ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६९३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोविन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।